आज मिति २०८१।०२।०७ गते सोमबारको दिन यस बाणगङ्गा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्याल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारको उपस्थिति रहेको छ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारू मगर | वडाध्यक्ष १ | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष २ | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष ३ | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष ४ | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष ५ | |
| ८ | करुण टण्डन | वडाध्यक्ष ६ | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष ७ | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष ८ | |
| ११ | कमल पौडेल | वडाध्यक्ष ९ | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष १० | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष ११ | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १७ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १८ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| १९ | डिलबहादुर सुनार | कार्यपालिका सदस्य | |
| २० | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २१ | भक्तिराम मरासिनी | सचिव | |

CS CamScanner

# बाणगङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु ।

**आ.व.०८०।८१ कार्यपालिका बैठक, मिति: २०८१।०२।०७ गते, बैठक संख्या: १८ को प्रस्ताव, कार्यसूची र निर्णयहरु**

प्रस्ताव नं. १८.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं. १८.२ त्रिवर्षीय श्रोत अनुमान सम्बन्धमा,

प्रस्ताव नं. १८.३ आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत श्रोत अनुमान प्राथमिकीकरण सम्बन्धमा,

प्रस्ताव नं. १८.४ आर्थिक वर्ष २०८१।०८२ को बजेट सिलिङ तथा मार्गदर्शन स्वीकृत सम्बन्धमा,

प्रस्ताव नं. १८.५ नदीजन्य पदार्थ बिक्रिबाट प्राप्त हुने शुल्कको १ प्रतिशत रकम जिल्ला समन्वय समितिलाई भुक्तानी दिने सम्बन्धमा,

प्रस्ताव नं. १८.६ विविध ।

***बाणगङ्गा नगरपालिकाको आ.व.०८०।८१ को कार्यपालिका बैठक संख्या:१८ मिति:२०८१।०२।०७ का निर्णयहरु:-***

**प्रस्ताव नं. १८.१ अघिल्लो बैठकको समीक्षा सम्बन्धमा,**

**निर्णय नं. १८.१** यस अघिको कार्यपालिका ब्रैठक मितिः२०८०।०२।०१ गतेको बैठकमा आर्थिक वर्ष २०८१।०८२ को लागि गरिने बजेट, योजना तथा कार्यक्रम तर्जुमाको लागि संक्षिप्त कार्यतालिका स्वीकृत गरी कार्यतालिका बमोजिम कार्यक्रमहरु अगाडि बढिरहेको, घरनक्सा अभिलेखीकरणको सम्बन्धमा म्याद थप गर्ने निर्णय बमोजिम मिति २०८१ जेष्ठ मसान्तसम्म म्याद थप गर्ने सूचना प्रकाशन गरी घरनक्सा अभिलेखीकरणको कार्य अगाडि बढाइएको र आगामी आ.व. २०८१।०८२ को लागि प्रदेशमा माग गर्ने निर्णय भएका योजनाहरुको सम्बन्धमा सम्बन्धित प्रदेशलाई सम्बोधन गरी योजना मागको पत्र पठाइसकिएको बारेमा समीक्षा गरियो।

**प्रस्ताव नं. १८.२ त्रिवर्षीय श्रोत अनुमान सम्बन्धमा,**

**निर्णय नं. १८.२** मिति २०८१।०१।०४ गतेका दिन बसेको श्रोत अनुमान समितिको बैठकबाट आ.व. २०८१।०८२ देखि आ.व. २०८३।८४ सम्मको लागि अनुमान गरेको तपसिल बमोजिमको त्रिवर्षीय श्रोत अनुमान अनुमोदन गर्ने निर्णय गरियो।

| त्रिवर्षिय श्रोत अनुमान( ०८१।८२ देखी ०८३।८४ सम्म) | | | | |
|---|---|---|---|---|
| क्र.स | शिर्षक | आर्थिक वर्ष ०८१।८२ | आर्थिक वर्ष ०८२।८३ | आर्थिक वर्ष ०८३।८४ |
| १ | संघ समानिकरण | १९,०९,००,००० | २२,००,००,००० | २३,००,००,००० |
| २ | संघ राजश्व | १६,२७,००,००० | १७,००,००,००० | १८,००,००,००० |
| ३ | प्रदेश समानिकरण | १,३५,८६,००० | २,००,००,००० | ३,००,००,००० |
| ४ | प्रदेश राजश्व | १,६०,००,००० | २,००,००,००० | ३,००,००,००० |
| ५ | आन्तरिक प्राकृति श्रोत | ३,५०,००,००० | ४,००,००,००० | ४,५०,००,००० |
| ६ | आन्तरिक मालपोत रजिस्ट्रेशन | ६,००,००,००० | ६,५०,००,००० | ७,००,००,००० |
| ७ | आन्तरिक अन्य + अल्या समेत | १६,००,००,००० | १७,००,००,००० | १८,००,००,००० |
| ८ | संघीय शर्सत | ५०,००,००,००० | ५२,००,००,००० | ५५,००,००,००० |
| ९ | प्रदेश शर्सत | ३,००,००,००० | ४,००,००,००० | ५,००,००,००० |
| १० | सामाजिक सुरक्षा | ४२,००,००,००० | ४५,००,००,००० | ५०,००,००,००० |
| ११ | सडक बोर्ड | ६५,००,००० | ७०,००,००० | ८०,००,००० |
| १२ | अन्य | ३,००,००,००० | ४,००,००,००० | ५,००,००,००० |
| | जम्मा | १,६२,४६,८६,००० | १,७६,२०,००,००० | १,९२,३०,००,००० |

**प्रस्ताव नं. १८.३ आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत श्रोत अनुमान प्राथमिकीकरण सम्बन्धमा,**

**निर्णय नं. १८.३** आ.व. २०८१।०८२ को लागि स्वीकृत श्रोत अनुमान रकम देहायको शीर्षकमा प्राथमिकीकरण गरी रकम विनियोजन गर्ने निर्णय गरियो।

**प्राथमिकीकरण:**

| क्र.सं. | विवरण | प्राथमिकीकरण |
|---|---|---|
| १ | सामाजिक विकास क्षेत्र | १ |
| २ | आर्तिक विकास क्षेत्र | ४ |
| ३ | भौतिक पूर्वाधार क्षेत्र | २ |
| ४ | वन तथा वातावरण क्षेत्र | ५ |
| ५ | सुशासन तथा संस्थागत विकास क्षेत्र | ३ |

**प्रस्ताव नं. १८.४ आर्थिक वर्ष २०८१।०८२ को बजेट सिलिङ तथा मार्गदर्शन स्वीकृत सम्बन्धमा,**

**निर्णय नं. १८.४** आ.व २०८०।०८१ मा सम्पादन हुने योजना तथा कार्यक्रमको लागि देहायको मार्गदर्शनमा देहाय बमोजिमको रकम सुत्रात्मक रुपमा विनियोजन गरी मार्ग दर्शन र उल्लेखित रकम बमोजिम बस्तिस्तरबाट योजना छनौट र प्राथमिकीकरण गरी पेश गर्न वडा कार्यालय सबै (११) मा पठाउने निर्णय गरियो ।

तपसिलः

## बाणगङ्गा नगरपालिका आ.व.२०८१।०८२ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, २०८१

आगामी आव ०८१।०८२ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा शाखा/वडा कार्यालयहरु लाई निम्नानुसारको बजेट सिमा निर्धारण गरिएको छ। निर्धारित सिमा मध्ये तपसिलमा तोकिए बमोजिमको विषय क्षेत्रगत वाडफाँडको अधिनमा रही चालु र पूँजीगत खर्चको आधारमा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन ।

**क) वडागत बजेट सिमा**

**आ.व.०८१।८२ को योजना तथा बजेट तर्जुमाको लागि प्रस्तावित वडागत बजेट सिमा**

| वितरण गर्ने कूल बजेट | | १२००००००० | | सबै वडालाई वरावर वितरण | | | ५५०००००० | | शुत्रानुसार वितरणः | | | ६५०००००० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं. | क्षेत्रफल भार | | जनसंख्या भार | | भौगोलिक विकटता भार | | आन्तरीक आय भार | | कूल प्राप्तांक | कूल बजेट शुत्रानुसार | न्यूनतम बजेट वांडफाड | जम्मा | |
| | २० | | ६० | | १० | | १० | | | | | | |
| | मापन अंक (बर्ग कि.मी.) | प्राप्तांक | मापन अंक (जनसंख्या) | प्राप्तांक | मापन अंक (विकटता) | प्राप्तांक | मापन अंक (राजस्व) | प्राप्तांक | | | | | |
| १ | ५.७७ | ०.४९ | ८५४४ | ५.३० | १ | ०.५६ | ३०१०९५२ | १.१६ | ७.५१ | ४८८०५४१ | ५०००००० | ९८८०५४१ | |
| २ | ३०.१९ | २.५९ | १०३७० | ६.४३ | १ | ०.५६ | ३१८३११५ | १.२२ | १०.८ | ७०२०९३१ | ५०००००० | १२०२०९३१ | |
| ३ | १०.१७ | ०.८७ | ६७८१ | ४.२१ | २ | १.११ | १६७०९२५ | ०.६४ | ६.८३ | ४४४१०६५ | ५०००००० | ९४४१०६५ | |
| ४ | १०.४३ | ०.८९ | १०४२२ | ६.४७ | १ | ०.५६ | ३१६२१०६ | १.२२ | ९.१३ | ५९३५३४३ | ५०००००० | १०९३५३४३ | |
| ५ | १०.३ | ०.८८ | ६५९३ | ४.०९ | २ | १.११ | १९७४६२३ | ०.७६ | ६.८४ | ४४४८३९६ | ५०००००० | ९४४८३९६ | |
| ६ | ८.२१ | ०.७० | ५६०८ | ३.४८ | २ | १.११ | १२८७६९२ | ०.५० | ५.७९ | ३७६३०३८ | ५०००००० | ८७६३०३८ | |
| ७ | ७.०३ | ०.६० | ७७८० | ४.८३ | १ | ०.५६ | २५२४४८९ | ०.९७ | ६.९६ | ४५२१११० | ५०००००० | ९५२१११० | |
| ८ | ३४.९१ | २.९९ | १३२४३ | ८.२२ | १ | ०.५६ | ३४६९७९० | १.३३ | १३.१ | ८५१४१८० | ५०००००० | १३५१४१८० | |
| ९ | ६१.१३ | ५.२४ | ६७६२ | ४.२० | २ | १.११ | १७७९८८० | ०.६८ | ११.२३ | ७३००८४६ | ५०००००० | १२३००८४६ | |
| १० | ३६.४३ | ३.१२ | १००२४ | ६.२२ | ३ | १.६७ | १४४८७३२ | ०.५६ | ११.५७ | ७५१७९७० | ५०००००० | १२५१७९७० | |
| ११ | १८.६८ | १.६० | १०५८७ | ६.५७ | २ | १.११ | २४९७००० | ०.९६ | १०.२४ | ६६५६५८० | ५०००००० | ११६५६५८० | |
| | २३३.२५ | २० | ९६७१४ | ६० | १८ | १० | २६००९३०४ | १० | १०० | ६५०००००० | ५५०००००० | १२००००००० | |

**ख) विषयगत क्षेत्रहरुः**

- आर्थिक विकास (१० प्रतिशत)
- सामाजिक विकास (१० प्रतिशत)
- पूर्वाधार विकास (७३ प्रतिशत)

CamScanner

- वातावरण तथा विपद व्यवस्थापन ( ५प्रतिशत)
- संस्थागत विकास तथा सेवा प्रवाह (२ प्रतिशत)

**ग) मार्गदर्शन**

१. योजना तथा कार्यक्रमको प्रस्ताव गर्दा आवधिक योजना, MTEF, नगरका गौरवका कार्यक्रम वस्ति स्थरबाट माग भएका योजना प्राथमिकीकरण आधारमा छनौट गरी वडा स्तरीय योजना तर्जुमा समिति र वडा समितिबाट निर्णय गराई प्रस्तावित योजना तथा कार्यक्रमको प्रमाणित प्रति ,

२. तोकिएको सीमा भन्दा बढी हुने गरी कार्यक्रम तथा योजना प्रस्ताव गर्न पाईनेछैन,

३. चालु आर्थिक वर्षमा संचालित क्रमागत, अधुरा आयोजना तथा कार्यक्रम र २ वा २ भन्दा बढी वडालाई प्रत्यक्ष फाईदा पुग्ने खालका योजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखि प्रस्ताव गर्नुपर्नेछ साथै संघ र प्रदेश सरकारले अवलम्बन गरेका राष्ट्रिय नीति र दिगो विकास लक्ष्यका उदेश्यहरु पुरा गर्ने खालका योजना छनौट गर्ने,

४. बजेट सीमा मध्ये रु.६ लाख चालु प्रशासनिक खर्च (खाजा, ईन्धन, बैठक भत्ता, बिजुली, पानी र मसलन्द लगायतको क्षेत्रमा रकम तोकी बाँडफाँड गर्ने) प्रस्ताव गरी बांकीलाई १०० प्रतिशत मानि अनुसूची-२ मा रहेका ५ वटा क्षेत्रगत विषयमा बजेट विनियोजन गर्दा पूँजीगत तर्फ ८५% र चालु तर्फ १५% हुने गरी समष्टिगत रुपमा बजेट प्रस्ताव गरी पठाउनु पर्नेछ। पूँजीगततर्फ बजेट प्रस्ताव गर्दा भौगोलिक र क्षेत्रगत सन्तुलनलाई ध्यान दिनुपर्नेछ जस्तैः सडक, सिंचाई, खानेपानी, भवन आदि,

५. योजना प्रस्ताव गर्दा रु.२०,००,०००।- मा नघट्ने गरी कम्तिमा १ वटा वडा स्तरीय (गौरवका आयोजना) योजना छनोट गरी प्रस्ताव गर्नुपर्नेछ, पूर्वाधार तर्फका योजना २,५०,०००।- र कार्यक्रम तर्फ रु १,००,०००। मा नघटने गरी प्रस्ताव गर्नुपर्नेछ र २,५०,०००।- सम्म वडाका फुटकर योजना सम्बोधन गर्न रकम विनियोजन गर्ने,

६. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा सम्पादन गरिने प्रमुख क्रियाकलाप सहित प्रस्ताव गर्नुपर्नेछ,

७. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शनको अनुसूची-३ को आधार बमोजिम कार्यक्रम/आयोजनाहरु प्राथमिकिकरण गरी प्रस्ताव गर्नुपर्नेछ,

८. वडा स्तरमा रहेका सबै सहकारी, संघसंस्था र सामुदायिक वन समेतको वार्षिक योजना माग गरी त्यस्ता योजनामा नदोहोरिने गरी योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेछ,

९. कार्यक्रम तथा योजना पेश गर्दा नाफामूलक संस्थालाई सामाग्री वितरण वा संरचना निर्माण सम्बन्धी कार्यमा आर्थिक लगानी हुनेखालका योजना प्रस्ताव गर्न पाईनेछैन,

१०. दोहोरो अर्थ लाग्ने तथा दोहोरो पर्ने गरी आयोजना प्रस्ताव नगरी स्पष्ट परिभाषित क्रियाकलापहरु राखि प्रस्ताव पेश गर्नुपर्नेछ।

११. शिक्षा, स्वास्थ्य, कृषि, पशु जस्ता लक्षित कार्यक्रमहरु छनोट गर्दा सम्बन्धित शाखाहरुसंग सम्बन्वय गरी छनौट गर्नुपर्नेछ।

१२. वडाबाट वितरण हुने प्रविधि हस्तान्तरण एंवम अनुदान मुखि कार्यक्रम तथा आयोनाहरुमा कम्तिमा ५० प्रतिशत लागत साझेदारी र उपभोक्ता समितिबाट सम्पादन हुने योजनामा कम्तिमा १० प्रतिशत जनसहभागिता हुने गरी कार्यक्रम योजना प्रस्ताव गर्नुपर्नेछ।

१३. प्रधानमन्त्री रोजगार र मेडपा कार्यक्रमबाट संचालन हुने योजनाहरुमा म्याचिङ्ग फन्डको व्यवस्था मिलाउनु पर्नेछ,

CamScanner

१४.योजना तथा कार्यक्रमको प्रस्ताव गर्दा युनिकोडमा टाईप गरिएको ईलेक्ट्रोनिक प्रति समेत उपलब्ध गराउनुपर्नेछ ।

वडाबाट योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बनगरी बस्ती तथा टोलस्तरिय योजनाको माग संकलन, प्राथमिकिकरण तथा छनौटका अतिरिक्त देहाय बमोजिम गरी नगरपालिकामा पेश गर्नुपर्ने छ ।

१. वडा भित्रका बस्ती/ टोल नक्शाङ्कन गरी बस्ती टोलस्तरमा योजना तर्जुमाको लागि सहजीकरण गर्न सदस्यलाई जिम्मेवारी प्रदान गर्ने,
२. महिला, बालबालिका, अपाङ्गता भएका, पिछडिएका वर्ग, युवा, जेष्ठ नागरिक, स्थानिय श्रोत व्यक्ति, उद्यमी र व्यवसायी प्रतिनीधि, समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि समेत समावेशी सहभागिता सुनिश्चित गरी बस्ती/टोलस्तरमा योजना तर्जुमा भेला आयोजना गर्ने,
३. योजना तर्जुमा भेलाबाट विपद् र जलवायु जोखिम विश्लेषण, आवश्यकता पहिचान र प्राथमिकता निर्धारण गरी बस्ती/ टोलस्तरमा आयोजना तथा कार्यक्रम छनौट गर्ने,
४. बस्ती/ टोलस्तर भेला तथा छलफलहरुको अभिलेखिकरण गरी छनौट भएका आयोजना/ कार्यक्रमको सूचि तयार गर्ने,
५. बस्ती/ टोलस्तरबाट छनौट भएका आयोजना तथा कार्यक्रमको विषय क्षेत्र अनुसार छुट्टयाउने,
६. प्राथमिकता निर्धारणका मापदण्ड र आधार (Criteria) तथा विधि बमोजिम विषयगत रुपमा आयोजना/ कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने,
७. उपलब्ध बजेट सिमा र प्राथमिकताको आधारमा आयोजना तथा कार्यक्रम छनौट गर्ने,
८. छनौट भएका आयोजना/ कार्यक्रमको विवरण तयार गरी नगरपालिका मार्फत बजेट तथा योजना तर्जुमा समितिमा पेश गर्ने,
९. आवधिक योजनामा समावेश भएका तर सम्पादन हुन नसकेका आयोजना तथा कार्यक्रमहरुको वडाको बजेटबाट सम्बोधन हुन नसकेका महत्वपूर्ण परियोजना/ कार्यक्रमको छुट्टै सूचि तयार गरी नगरपालिकामा पेश गर्ने ।
१०.संघ,प्रदेश र स्थानीय सरकारले लिएका नीति, दिगो विकासका लक्ष्यले लिएका उदेश्यहरु पुरा गर्ने खालका योजनाहरु प्राथमिकतामा राखी पेश गर्ने ।

**प्रस्ताव नं. १८.५ नदीजन्य पदार्थ बिक्रिबाट प्राप्त हुने शुल्कको १ प्रतिशत रकम जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने सम्बन्धमा,**

**निर्णय नं. १८.५** यस नगरपालिका अन्तर्गत रहेका बाणगङ्गा नदीको मधुवन बगर क्षेत्र, धनेशपुर क्षेत्र, भगलापुर वनकसिया क्षेत्रबाट चालु आ.व. २०८०।०८१ मा रु. ४,८७,४९,९९८।- मा नदीजन्य आय ठेक्का लगाएकोमा हालसम्म रु. ३,०३,४९,९९८।- राजस्व दाखिला हुन आएको र जिल्ला समन्वय समितिको च.नं. २४१, मिति २०८१।०२।६ गतेको पत्र र अन्तरपालिका बैठकको मिति २०८१।०२।०४ गतेको निर्णय बमोजिम यस नगरपालिकाको नदीजन्य पदार्थबाट उठेको राजस्व रकमको १(एक) प्रतिशत रकम माग भई आएकोले लुम्बिनी प्रदेश (साविक प्रदेश नं. ५) बाट जारी भएको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ४ को दफा १२(२) बमोजिम नदीजन्य पदार्थ बिक्रिबाट प्राप्त हुन आएको शुल्कको २ (दुई) प्रतिशतले हुने रकम अनुगमन र व्यवस्थापकीय कार्यका लागि जिल्ला समन्वय समितिलाइ उपलब्ध

CamScanner

गराउनुपर्ने उल्लेख भएकोले यस नगरपालिकाबाट रु. ३,००,०००।- (तीन लाख रुपैयाँ मात्र) राजस्व बाँडफाड गरी जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने निर्णय गरियो।

**प्रस्ताव नं. १८.६ विविध।**

**निर्णय नं. १८.६.१**

जहदी - कोपवा - बनगाई - डोहोटे सडक खण्डमा पर्ने बाणगङ्गा नगरपालिकाको वडा नं. ५ र ७ लाई जोड्ने खुटेनीमा नदीमा बनेको कजवे भत्किदा नदीले कटान गरी वस्ती नै जोखिममा पर्ने अवस्था देखिएकोले भत्किएको कजवेको भागलाई हटाई नदीको वीच भागबाट वहाव फर्काउनुपर्ने कार्यलाई अगाडि बढाउनका लागि सडक डिभिजन कार्यालय, शिवपुरलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.६.२**

चालु आ.व.२०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं. ३७५ मा रहेको छाडा चौपाया व्यवस्थापन पूर्वाधार निर्माण तर्फ रहेको बजेट रकमबाट रु.१८लाख वडा नं. २ अन्तर्गत गौशाला व्यवस्थापनको लागि र वडा नं. ९ भलवाड गौशाला व्यवस्थापनको लागि रु.१लाख बजेट व्यवस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. १८.६.३**

चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं ३७२ मा रहेको वडा नं. ३ को वडा कार्यालय व्यवस्थापन तथा वडा कार्यालय जाने सडक स्तरोन्नती शिर्षकमा रहेको बजेट रकम रु. २० लाख बजेट रकमबाट वडा नं. ३ को संरचना निर्माणको लागि टेण्डर भएकोमा रु.१५,६२,०५१।– बोल कबोल भई बचत भएको रकम रु. ४,३७,०००।– बचत हुन गएको र उक्त वडा कार्यालय सञ्चालनको लागि  बाट थप काम गर्नुपर्ने भनी पूर्वाधारबाट प्राप्त ल.ई. रु. ५ लाख भएकोमा बाँकी बजेटबाट समेत नपुग हुने भएकोले नगर प्रमुख पूर्वाधारबाट रु. ६३,०००।– थप गरी काम अगाडी बढाउने निर्णय गरियो।

**निर्णय नं. १८.६.४**

चालु आ.व. २०८०।०८१ को स्वीकृत वार्षिक कार्यक्रमको सि.नं ४७० मा रहेको वडा नं. ९ को राम दतिवन धाममा झोलुङ्गे पुल निर्माण शिर्षकमा रहेको बजेट रकम रु. ४० लाख बजेट रकमबाट स्टिल पार्ट खरिद तथा सप्लाईका लागि ठेक्का बन्दोबस्त भई ३० लाख १० हजार ९ सय ९० मा ठेक्का बन्दोबस्त भई समान सप्लाई भएकोमा उपभोक्ता समिति मार्फत फाउण्डेसनको काम अगाडि बढाउनुपर्ने भएकोले ठेक्काबाट बचेको रकममा नपुग हुने रकम म्याचिङ फण्डबाट वेहोर्ने गरी कार्य प्रक्रिया अगाडी बढाउने निर्णय गरियो।

CamScanner